नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्या: ०८३/८४
चलानी नं.: ०६

सिंहदरबार, काठमाडौं

## प्रेस नोट

सम्वत् २०८३ भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको मानवीय, आर्थिक, सामाजिक, पूर्वाधारलगायतका क्षेत्रको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजनासहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment, PDNA) प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३ भदौ १२ गतेको निर्णयानुसार राष्ट्रिय योजना आयोगबाट आवश्यक कार्य अगाडि बढाइएको विदितै छ ।

उक्त कार्यका लागि प्रभावित क्षेत्रको वास्तविक अवस्था पहिचान तथा तथ्यमा आधारित मूल्याङ्कन गर्न सम्बन्धित स्थानीय तह, क्षेत्रगत समितिहरू तथा विषय विज्ञहरूसमेतको परामर्शमा घरधुरी सर्वेक्षणका लागि प्रश्नावली तयार गरी रसुवा, नुवाकोट, धादिङ्, गोरखा समेत जिम्लाका प्रभावित सम्पूर्ण पालिकाका वडा-वडामा तथ्याङ्क संकलन कार्य सञ्चालन गर्न २०८३ असोज ४ गते देखि टोली परिचालन गरिएको छ । प्रश्नावलीका आधारमा अनलाइन पोर्टल तयार गरी तथ्याङ्क प्रविष्टि तथा संकलन गर्ने व्यवस्था मिलाइएको छ । उक्त पोर्टलमार्फत तथ्याङ्क संकलन कार्यलाई प्रभावकारी, व्यवस्थित, एकरूप र विश्वसनीय बनाउन आवश्यक प्रविधिसहित ट्याब्लेट्स उपलब्ध गराई कर्मचारीहरूलाई प्रभावित क्षेत्रका वडा-वडामा परिचालन गरिएको छ ।

तथ्याङ्क संकलन कार्यका लागि प्रभावित क्षेत्रमा २५० भन्दा बढी कर्मचारी खटाईएको छ। प्रत्येक टोलीमा १ जना प्राविधिक, १ जना प्रशासनिक तथा १ जना तथ्याङ्क सेवाका कर्मचारी रहने व्यवस्था गरिएको छ। परिचालित कर्मचारीहरूलाई सम्बन्धित घरधुरी तथा प्रभावित क्षेत्रको स्थलगत अवस्था, हानी तथा नोक्सानीसम्बन्धी आवश्यक विवरण संकलन गरी अनलाइन प्रणालीमार्फत तथ्याङ्क प्रविष्ट गर्ने जिम्मेवारी तोकिएको छ।

प्रत्येक पालिकामा तथ्याङ्क संकलन कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशकहरूलाई परिचालन गरिएको छ । कार्यक्रम निर्देशकहरूले सम्बन्धित स्थानीय तह तथा परिचालित कर्मचारीहरूसँग आवश्यक समन्वय, सहजीकरण तथा तथ्याङ्क संकलन कार्यको सुपरीवेक्षण गर्नेछन्।

क्षती तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजनासहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment, PDNA) प्रतिवेदन यथार्थपरक, विश्वसनीय तथा तथ्यमा आधारित बनाउन सत्य-तथ्य विवरण संकलन हुनु अत्यन्त महत्वपूर्ण रहेको हुँदा प्रभावित घरधुरी, स्थानीय जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, समुदाय तथा सम्पूर्ण सरोकारवालालाई तथ्याङ्क संकलनका लागि खटिई आएका कर्मचारीहरूलाई यथार्थ सूचना तथा विवरण उपलब्ध गराई सहयोग, समन्वय तथा सहजीकरण गरिदिनु हुन हार्दिक अनुरोध छ।

मितिः- २०८३ असोज ५ गते,सोमबार
नेपाल संवत् ११४६ ञलाथ्व

(हरिशरण पुडासैनी)
सहसचिव/ प्रवक्ता